# राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल
टोल फ्री नं.१६६०८२१८२२१


प.सं.०८०/०८१
च.नं. ४९६

मिति २०८०/१०/२८

बिषय- नदीजन्य पदार्थको आन्तरिक व्यवस्थापन गरिएको सम्वन्धमा ।

श्री जिल्ला अनुगमन समिति दाङ ।

प्रस्तुत बिषयमा राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८० साल माघ २७ गते बसेको बैठकको निर्णय अनुसार नदीजन्यपदार्थको ठेक्का व्यवस्थापन नभएसम्मका लागि तत्काल गर्नुपर्ने विकास निर्माणका काम तथा निर्माणाधिन व्यक्तिगत संरचनाका लागि आवश्यक पर्ने वालुवा गिट्टी ढुंगा जस्ता नदीजन्य पदार्थहरुको गैरब्यवसायिक प्रयोगका लागि सम्वन्धित वडामा माग संकलन गरि सो को परिमाण एकिन गरी तोकिएको घाटबाट नियमानुसार राजश्व लिई निकासी अनुमति दिने निर्णय भएकोले सोही बमोजिम निकासीको प्रकृया शुरु गरिएको ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

संलग्न
१.कार्यपालिकाको निर्णय पाना २
निकासीका लागि प्रकाशित सूचना पाना १

२०८०/१०/२८

नि· प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय, दाङ ।
श्री जिल्ला प्रहरी कार्यालय, दाङ ।
श्री ईलाका प्रहरी कार्यालय, भालुवाङ
श्री वडा कार्यालयहरु, सवै ।

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल
टोल फ्री नं.१६६०८२१८२२१

प.सं.०८०/०८१
च.नं.

# नदीजन्य पदार्थको माग संकलन तथा निकासी हुने वारेको सूचना

प्रकाशित मिति २०८० माघ २८ गते

राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८० साल माघ २७ गते बसेको बैठकको निर्णय अनुसार नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन नभए सम्मका लागि तत्काल गर्नुपर्ने विकास निर्माणका काम तथा निर्माणाधिन व्यक्तिगत संरचनाका लागि आवश्यक पर्ने वालुवा गिट्टी ढुंगा जस्ता नदीजन्य पदार्थहरुको गैर व्यवसायिक प्रयोगका लागि सम्वन्धित वडामा माग संकलन गरिने र सो को परिमाण एकिन गरी तोकिएको घाटबाट प्रति टेक्टर मु. अ. क. समेत रु ७२३/२० रोयल्टी लिई निकासी गरिने भएकाले नदीजन्य पदार्थहरु अत्यावश्यक पर्ने उपभोक्ता समिति संघ संस्था वा ब्यक्तिले तोकिएको ढाँचामा आफ्नो वडा कार्यालयमा गई निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

निवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु

१.योजना निर्माणका लागि कार्यालय संगको संझौता तथा स्वीकृत लागत अनुमान ।

२.संघ संस्थाका लागि आवश्यकता हो भनी खुल्ने कार्यालयको पत्र तथा आवश्यकता पुष्टी हुने कागजातहरु ।

३. ब्यक्तिगत निर्माण प्रयोजनका लागि घर/संरचना निर्माण हुन लागेको नक्सा फोटो ठेकेदार संगको संझौता तथा अन्य कागजातहरु ।

४.नदीजन्य पदार्थ संकलन/निकासी गर्नका लागि स्वीकृत घाटहरु-

क.राप्ती नदीको कटाहा घाट क (तिन सिमाना घाट बाहेक)
ख. राप्ती नदीको कटाहा घाट ख
ख. राप्ती नदीको खुरुरिया घाट
ख. राप्ती नदीको बसन्तापुर घाट क
ख. राप्ती नदीको बसन्तापुर घाट ख
ख. राप्ती नदीको बगरापुर घाट

पुनश्च- निवेदन तथा निकासी सिफारिस दस्तुर निशुल्क हुनेछ भने मागका आधारमा नभई आवश्यकताका आधारमा मात्र परिमाण एकिन गरी निकासी अनुमति दिईनेछ । वडा कार्यालयवाट अनुमति पत्र प्राप्त गरिसकेपछि खोलामा गई आफुलाई आवश्यक पर्ने बस्तु घाटगद्धी गरी खटिएको कर्मचारीमार्फत नापजाँच गरी समय तोकिएको राजश्व रसिद काटेर मात्र निकासी गर्नुपर्नेछ।एक भन्दा बढी ट्रीपको अनुमति लिएको अवस्थामा उक्त सक्कल अनुमति पत्रमा राजश्व असुली गर्ने कर्मचारीद्धारा मिति,समय र ट्रिप खुलाई दरपिठ गरिनेछ।ढुवानीका साधनहरुसंग अनिवार्यरुपमा सक्कल अनुमतिपत्र तथा सक्कल राजश्व रसिद (वडाबाट प्रमाणिकरण भएको ) हुनुपर्नेछ । सो नभएमा नियमानुसार जरिवाना गरिनेछ ।

२०८०/१०/२८

प्रमुख प्रशासकीय अधिकृत

tiruralmuniciaplity@gmail.com https://twitter.com/raptimundang
ps://raptimundang.gov.nphttps://www.facebook.com/raptimundang

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, देउखुरी दाङ,
लुम्बिनी प्रदेश, नेपाल

आज मिति २०८० साल माघ २७ गते शनिवार साँझ ५.०० बजे राप्ती गाउँपालिका गाउँ कार्यपालिकाको अध्यक्ष श्री प्रकाश बिष्ट ज्यूको अध्यक्षता तथा निम्न अनुसारका सदस्यहरुको उपस्थितिमा बैठक बस्यो । यस बैठकको उपस्थिति निम्न अनुसारको रहेको छ ।

अध्यक्ष श्री प्रकाश बिष्ट राप्ती गाउँ कार्यपालिका ।

उपाध्यक्ष श्री कमलापति चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री गेमे खडका राप्ती गाउँ कार्यपालिका

सदस्य श्री पहलवान चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री उमेश अधिकारी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री बीर बहादुर चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री देवप्रसाद चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री दिपक कुमार चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री सिताराम चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री चन्द्रबहादुर गुरुङ राप्ती गाउँ कार्यपालिका

सदस्य श्री रिम बहादुर सुनारी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री पार्वती सुवेदी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री सावित्री चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य श्री चम्फा भुसाल राप्ती गाउँ कार्यपालिका

सदस्य श्री रणबहादुर पुजाली राप्ती गाउँ कार्यपालिका

सदस्य श्री संजिव परियार राप्ती गाउँ कार्यपालिका

सदस्य श्री गिता चौधरी राप्ती गाउँ कार्यपालिका

सदस्य सचिव नेव बहादुर वली प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित

१) श्यामराज अधिकारी, २ जश्व इकाई प्रमुख ।।

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, देउखुरी, दाङ,
लुम्बिनी प्रदेश, नेपाल

## प्रस्तावहरु

१. नदीजन्य पदार्थको आन्तरिक ब्यवस्थापन गर्ने सम्वन्धमा ।

## निर्णयहरु

१ प्रस्ताव नं १ माथी छलफल गर्दा राप्ती गाउँपालिका भित्र निर्माणाधिन योजना तथा ब्यक्तिगत प्रयोजनका लागि ढुंगा, गिटी, वालुवा जस्ता नदीजन्य पदार्थको आपुर्ति हुन नसक्दा स्थानीय विकास निर्माण प्रभावित भएको र सो को लागि स्थानीयवासीबाट अत्यधिक माग भईरहेको अवस्था छ । हाल राप्ती नदीवाट नदीजन्य पदार्थको निकासीका लागि ठेक्का ब्यवस्थापन भईनसकेको अवस्थामा सो ठेक्का ब्यवस्थापन नभएसम्मका लागि राप्ती गाउँपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, (IEE) २०७९ तथा सो को प्राविधिक प्रतिवेदन, २०८० र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट स्वीकृत राप्ती नदीको घाटहरुबाट देहाय बमोजिम नदीजन्य पदार्थको निकासीको ब्यवस्थापन गर्ने:-

१. तत्काललाई नदीजन्य पदार्थको आवश्यकता परेको ब्यक्ति, संस्था तथा योजनाहरुवाट सम्वन्धित वडामा माग निवेदन संकलनका लागि सूचना प्रकाशन गर्ने ।
२. सो निवेदनका आधारमा वडा कार्यालयवाट माग तथा परिमाण एकिन गरि सो बराबरको परिमाणको लागि घाट तोकी निर्धारित घाटबाट घाटगद्धी गर्न लगाई सो घाटगद्धी नापजाँच गरी प्रति घ.फि. रु ८/- र सोमा लाग्ने मु. अ. कर समेत गरी प्रति टेक्टर रु ७२३/२० का दरले रोयल्टी लिई निकासी अनुमति दिने ।
३. यसरी निकासी अनुमति दिंदा रोयल्टी असुलीका लागि वडा कार्यालयलाई जिम्मा दिने ।